संघीय संसद

# प्रतिनिधि सभा

## विकास तथा प्रविधि समिति

## बैठक संख्या : ९९

मिति: २०७७/०३/१६

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा देहाय बमोजिमको निर्णय भयो ।

१ समितिको वार्षिक प्रतिवेदन, २०७७ को मस्यौदा छलफलका लागि पेश भयो ।

२ बैठकमा समितिका मा. सदस्यहरुले प्रतिवेदन अवधिमा समितिबाट सम्पादित कार्यहरुका सम्बन्धमा समिक्षात्मक रुपमा टिप्पणी गर्नुभयो । समितिको सक्रियता, प्रयास, समन्वय एवं कार्यसम्पादन राम्रो रहेको, राष्ट्रिय गौरवलगायतका ठूला आयोजनाहरुको अपेक्षित उपलब्धी नदेखिए पनि यी आयोजनाहरु निरन्तर अघि बढी नै रहेका, विशेष गरेर समितिको कार्यक्षेत्रसँग सम्वद्ध नेपाल सरकारका मन्त्रालय एवं निकायहरुबाट समितिले गरेका निर्देशनहरुको पालना गरी प्रभावकारी रुपमा कार्यान्वयन नगरेको विषयलाई मा. सदस्यहरुले गम्भीरतापूर्वक उठाउनुभयो । समितिका मा. सभापतिज्यूले तत् सम्बन्धमा सम्वद्ध निकायहरुलाई यस्ता कमि कमजोरी हटाई जिम्मेवार र जवाफदेही तुल्याउन आगामी दिनहरुमा स्पष्ट दृष्टिकोण सहित अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्दै मा. सदस्यहरुले राख्नुभएको जिज्ञासालाई प्रष्ट पार्नुभयो ।

३ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

(मा.कल्याणी कुमारी खड्का)
सभापति

# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
## बैठक संख्या : १००

मिति: २०७७/०३/१९

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा देहाय बमोजिमको निर्णय भयो ।

१ बैठकमा समितिको वार्षिक प्रतिवेदन, २०७७ माथि छलफल भई माननीय सदस्यहरुले दिनु भएको उपयुक्त राय सुझावहरुलाई समावेश गरी प्रतिनिधि सभाको आगामी बस्ने बैठकमा पेश गर्ने निर्णय भयो ।

२ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

..................................

(मा.कल्याणी कुमारी खड्का)

सभापति